# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बाणगङ्गा, कपिलवस्तु
## लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या:०८२।८३
चलानी नं.: ८९३

मिति: २०८२/०७/११

श्री सामुदायिक तथा धार्मिक विद्यालय, (सबै)
बाणगङ्गा नगरपालिका, कपिलवस्तु ।

विषयः करार म्याद थप अनिवार्य गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा यस नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका सम्पूर्ण सामुदायिक तथा धार्मिक विद्यालयमा अस्थायी/करार/राहत अनुदान/संघीय शिक्षण सहयोग अनुदान/साविक उच्च माध्यमिक तहको राहत अनुदान तथा स्वीकृत दरवन्दीमा कार्यरत शिक्षक, बालविकास सहजकर्ता, विद्यालय सहयोगी र विद्यालय सहायक कर्मचारीहरुको शिक्षा नियमावली २०५९(संशोधन सहित) को नियम ९७ को उपनियम (८) मा व्यवस्था भए बमोजिम विद्यालय व्यवस्थापन समितिको निर्णयका आधारमा नियमानुसार करार म्याद हरेक ६/६ महिनामा (एक पटकमा छ महिनामा नबढाई) थप तथा करार सम्झौता गर्नु/गराउनुहुन र सोही मुताविक म्याद थप र करार सम्झौताका आधारमा म्याद थप भएका शिक्षक, बालविकास सहजकर्ता र विद्यालय कर्मचारीहरुको मात्र तोकिए बमोजिमको पारिश्रमिक भुक्तानी हुने वेहोरा बाणगङ्गा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/०६/३१ गतेको निर्णयानुसार जानकारीको लागि अनुरोध छ ।

पेस गर्नुपर्ने आवश्यक कागजातः

१. विद्यालयको पत्र (म्याद थप तथा करार सम्झौता गरिएको सम्बन्धमा)
२. म्याद थप गरिएको विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि
३. सक्कल करार सम्झौता पत्र

पुनश्चः

प्रथम र दोस्रो त्रैमासिकको पारिश्रमिकको हकमा साउन मसान्त भित्र र तेस्रो र चौथो त्रैमासिकका लागि पुष मसान्तभित्र आवश्यक कागजात पेस गरिसक्नुपर्नेछ।प्रथम त्रैमासिक पारिश्रमिक भुक्तानी भएका तर म्याद थपसंग सम्वन्धित कागजात पेस नगरेका विद्यालयको शिक्षकको हकमा २०८२ कार्तिक मसान्तभित्र अनिवार्य रुपमा पेस गर्नुहुन साथै तोकिएको समयमा म्याद थपसंग सम्वन्धित आवश्यक कागजात पेस नभएमा पारिश्रमिक भुक्तानीका लागि कार्यालय बाध्य नहुने वेहोरा समेत यसै सूचना मार्फत अवगत गराइन्छ।

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत